**सूर्योदय नगरपालिकाको छोरी बुहारी छात्रवृत्ति मार्फत स्नातक तह उत्तीर्णलाइ रोजगारीमा आबद्ध गराउने सम्बन्धी कार्यविधि २०८०**

कार्यपालिकाबाट स्वीकृत मिति: २०८०।११।०८ गते

**प्रस्तावना:** सूर्योदय नगरपालिकाको नगरको इच्छा नारीलाई शिक्षा नगरको इच्छा बुहारीलाइ शिक्षा भन्ने मूल नारा तथा स्वीकृत वार्षिक नीति तथा कार्यक्रम बमोजिम छोरी बुहारी छात्रवृत्ति अन्तर्गत नि:शुल्क रूपमा स्नातक अध्ययन गरी स्नातक तह उत्तीर्ण गरेका छोरी बुहारीहरूलाई आ.व २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रमबाट रोजगारी दिने उद्देश्य लिएको साथै नारी सशक्तीकरण र युवतीहरूको शैक्षिक तथा रोजगारीमूलक पहुँच स्थापना गर्दै उनीहरूको उज्वल भविष्य सुनिश्चित गर्न वाञ्छनीय भएकोले,

विनियोजन ऐन, २०८० को दफा ५ ले दिएको अधिकार प्रयोग गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२) बमोजिम सूर्योदय नगरपालिकाको नगर कार्यपालिकाले यो कार्यविधि बनाइ लागू गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. सङ्क्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "सूर्योदय नगरपालिकाको छोरी बुहारी छात्रवृत्ति मार्फत स्नातक तह उत्तीर्णलाई रोजगारीमा आबद्ध गराउने सम्बन्धी कार्यविधि २०८०" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-**

(क) "विद्यालय" भन्नाले प्रचलित कानून बमोजिम अनुमति वा स्वीकृति लिई सञ्चालनमा रहेको सामुदायिक विद्यालय सम्झनुपर्छ।

(ख) " समिति" भन्नाले सय दिनको रोजगारीका लागि विधा क्षेत्र र विषगत समिति र कार्यक्षेत्र तोकेर सिफारिस गर्ने समिति सम्झनुपर्छ ।

(ग) " स्थानीय तह" भन्नाले सूर्योदय नगरपालिका सम्झनुपर्छ।

(घ) " रोजगार प्राप्त व्यक्ति" भन्नाले यस कार्यविधि बमोजिम सय दिनका लागि नियुक्त छोरी बुहारी सम्झनुपर्छ।

(ङ) नगर शिक्षा समिति भन्नाले, सूर्योदय नगरपालिकाको नगर शिक्षा समिति सम्झनुपर्छ ।

(च) सामाजिक विकास समिति भन्नाले सूर्योदय नगरपालिकाको सामाजिक विकास समिति सम्झनुपर्छ ।

(छ) नगरपालिका भन्नाले सूर्योदय नगरपालिका सम्झनु पर्छ ।

**३. उद्देश्य:** यस कार्यविधिका उद्देश्य देहाय बमोजिम रहनेछन् :

(क) छोरी बुहारी छात्रवृत्ति अन्तर्गत नगरपालिकाबाट निशुल्क छात्रवृत्ति प्राप्त गरी स्नातक उत्तीर्ण छोरी बुहारीको रोजगारीको अभावलाई आंशिक रुपमा पूर्ति गर्नु ।

(ख) छोरी बुहारी छात्रवृत्ति प्राप्त गरी स्नातक उत्तीर्ण भई नगरपालिका भित्र सेवा गर्न चाहने शिक्षित युवतीहरुलाई स्वयंसेवा मार्फत राष्ट्र सेवा गर्ने मौका उपलब्ध गराई नगरपालिका र देशको भौगोलिक स्थितिको ज्ञानका साथै व्यावहारिक तथा जीवनोपयोगी सीप एवं ज्ञान प्राप्त गर्ने अवसर प्रदान गर्नु।

(ग) युवा वर्गमा रोजगारीका अवसरको संभावना र चुनौति तथा सीप, दक्षता र नेतृत्वको विकासको अवसर उपलव्ध गराउनु

(घ) नगरपालिका भित्रका महाशाखा, शाखा, इकाई, परियोजना ,स्वास्थ्य संस्था, विद्यालय तथा अन्य आवश्यक विषय र क्षेत्रमा छोटो अवधिका लागि जनशक्ति उपलब्ध गराई कार्य क्षमता र गुणस्तर अभिवृद्धिमा सघाउ पुर्याउनु ।

## परिच्छेद – २

## सूचना र सिफारिस सम्बन्धी प्रक्रिया

**४. निवेदन माग र सिफारिस प्रक्रिया:** (१) नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम बमोजिम तोकिएको क्याम्पस/कलेजमा स्नातक तहमा छोरी बुहारी छात्रवृत्तिमा निःशुल्क रूपमा अध्ययन गरी स्नातक तह उत्तीर्ण छोरी बुहारीका लागि न्यूनतम १०० दिनको रोजगारीमा आबद्ध हुनका लागि नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले कम्तीमा ७ दिनको म्याद दिइ निवेदन माग गर्नु पर्नेछ ।

(२) सूचना जारी गरी भए पश्चात् सम्बन्धित छोरी बुहारीहरूले स्नातक तह उत्तीर्ण गरेको ट्रान्सक्रिप्ट र अन्य माग भएका कागजात सहित शिक्षा युवा तथा खेलकुद शाखामा निवेदन दर्ता गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको निवेदन साथ सम्बन्धित व्यक्तिहरूले आफ्नो सीप, दक्षता, कार्य अनुभव र रुचि अनुसार काम गर्न इच्छा गरेको विषय क्षेत्र समेत उल्लेख गर्नु पर्नेछ ।

(४) यस कार्यविधि बमोजिम न्यूनतम रोजगारीका लागि निवेदन पेश गर्दा कुनै शुल्क तिर्नु/बुझाउनु पर्ने छैन ।

(५) कार्यालयले उपदफा (२) बमोजिम प्राप्त आवेदनहरूका सम्बन्धमा सम्बन्धित व्यक्तिको शैक्षिक योग्यता, अनुभव, सीप, दक्षता, स्थायी ठेगाना र कामको प्रकृति समेतका आधारमा आवश्यकता, औचित्यता र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समेत हेरी नगर कार्यपालिकाको कार्यालयका विषयगत शाखा, इकाइ, परियोजना, वडा कार्यालय, सामुदायिक विद्यालय, स्वास्थ्य संस्थामध्ये आवश्यक ठाउँमा १०० दिनको लागि रोजगारीमा आबद्ध गराउने निर्णयका लागि नगर कार्यपालिका बैठकमा पेश गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको निर्णयअनुसार छनौट भएका छोरी बुहारीलाई नगर कार्यपालिकाको कार्यालयले १०० (एक सय) दिनको रोजगारीका लागि अनुसूची-१ बमोजिमको करार सम्झौता गराई कार्य विवरण समेत तोकी नियुक्ति दिई कार्यस्थल/ कार्यक्षेत्रमा खटाउनु पर्नेछ ।

(७) १०० दिनको रोजगारका लागि छनौट भएका रोजगार प्राप्त व्यक्तिहरूको कार्य क्षमताका आधारमा नगरपालिकाले महत्त्वपूर्ण सेवामूलक कार्यहरू, तथ्याङ्क सङ्कलन, जनचेतना प्रवाह र अन्य महत्त्वपूर्ण गतिविधि सञ्चालन गर्न आवश्यक ठानेमा थप १०० दिन सम्म रोजगारी दिन सक्नेछ । तर सो कार्य गरे बापत पाउने पारिश्रमिक १०० एक सय दिनको रोजगारी शीर्षकबाट भुक्तानी नगरी सम्बन्धित शीर्षकबाट भुक्तानी गर्नु पर्नेछ ।

(८) १०० दिनको रोजगारीका लागि छनौट भएका छोरी बुहारीहरूलाई कार्यस्थलमा खटाउँदा कुनै महाशाखा, शाखा, विद्यालय, स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी एक महिना भन्दा बढी बिदामा बसेको वा महिला कर्मचारी/शिक्षक/बाल शिक्षक सुत्केरी बिदामा बसेको र कर्मचारी अभावमा सेवा प्रवाहमा कमी आई

जनशक्ति माग भएको खण्डमा सो जनशक्ति परिपूर्ति गर्ने गरी सो क्षेत्रमा सय दिनको रोजगार प्राप्त गर्ने व्यक्तिलाई खटाउन प्राथमिकतामा राख्नु पर्नेछ ।

५. **अनुगमन समिति :** १०० दिनको रोजगारीका लागि खटाइएका व्यक्तिहरूको काम कारबाही, सेवा प्रवाहको स्तर लगायतका सम्बन्धमा अनुगमन गर्ने तथा सुझाव र पृष्ठपोषण प्रदान गर्न तपसिल बमोजिमको एक अनुगमन समिति रहने छ । सो समितिले १०० दिनको रोजगारीको प्रभावकारिताको अनुगमन गरी नगर कार्यपालिका समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(क) नगर कार्यपालिकाले तोकेको नगर कार्यपालिका सदस्य एक जना - संयोजक

(ख) सामाजिक विकास समितिले तोकेको एक जना - सदस्य

(ग) नगर शिक्षा समितिले तोकेको एक जना - सदस्य

(घ) लेखा शाखाले तोकेको एक जना - सदस्य

(ङ) शिक्षा शाखा प्रमुख - सदस्य

(च) रोजगार संयोजक - सदस्य सचिव

(२) यस कार्यविधि बमोजिम १०० दिनको रोजगारीको अवस्थाको सम्बन्धमा नगर प्रमुख, नगर शिक्षा समिति तथा सामाजिक विकास समितिका पदाधिकारिबाट समेत अनुगमन निरीक्षण हुन सक्नेछ ।

## परिच्छेद -३

## कार्यरत व्यक्तिको सेवा सर्त सम्बन्धी व्यवस्था

६. **१०० दिनको रोजगारीमा आबद्ध व्यक्तिको सेवा सर्त र सुविधा देहाय बमोजिम हुनेछ :**

(क) कार्य अवधि बढीमा नियुक्ति भएको मितिले १०० दिनको हुनेछ । तर दफा ४ (७) बमोजिमको हकमा सो कार्यक्रम बमोजिम छुट्टै सेवा सर्त र सुविधा तोकिने छ ।

(ख) १०० दिनको रोजगारीका लागि खटाइएको व्यक्तिले सम्बन्धित कार्य क्षेत्रमा उपस्थित भई तोकिएको कार्य गर्नु पर्नेछ ।

(ग) रोजगार प्राप्त व्यक्तिले सम्झौतामा तोकिए बमोजिमको शर्तहरू अनिवार्य रूपमा पालना गर्नु पर्नेछ ।

(घ) रोजगार प्राप्त व्यक्तिले सम्बन्धित शाखा , विद्यालय वा संस्थाको प्रमुखको मातहतमा रही कार्य गर्नु पर्नेछ ।

(ङ) कानुन विपरीतका कार्य एवं अमर्यादित कार्य गरेमा तथा प्रचलित आचारसंहिता पालन नगरेमा नगरपालिकाले सो कार्य गर्ने व्यक्तिलाई रोजगारीबाट तत्काल हटाउन सक्नेछ ।

(च) गोपनीय राख्नुपर्ने सूचना, जानकारी तथा विषयहरू सम्बन्धित रोजगार प्राप्त व्यक्तिले गोपनीयता कायम राख्नु पर्ने छ ।

(छ) यस कार्यविधि बमोजिम नियुक्त भएको व्यक्तिलाई महिनामा अधिकतम २ दिन भन्दा बढी बिदा दिइने छैन।

(ज) बिदा लिनुपर्दा पूर्व स्वीकृति लिएर मात्र बिदा बस्नु पर्नेछ ।

(झ) यस कार्यविधि बमोजिम रोजगार पाइ कार्य गर्ने व्यक्तिको मासिक पारिश्रमिक नेपाल सरकारले तोकेको न्यूनतम मासिक पारिश्रमिक बमोजिम हुनेछ ।

(ञ) सम्बन्धित व्यक्तिको मासिक हाजिरी विवरण तथा सम्बन्धित शाखा/संस्थाबाट प्राप्त कार्य प्रगति विवरणका आधारमा महिना भुक्तान भएको / कार्य अवधि भुक्तान भएको ७ दिन भित्रमा सम्बन्धित व्यक्तिको बैंक खातामा पारिश्रमिक भुक्तानी गरिनेछ ।

(ट) सो पारिश्रमिक रकमबाट कानुन बमोजिम कर कट्टी हुनेछ ।

## परिच्छेद -४
## विविध

७. **थपघट, हेरफेर र संशोधन :** यस कार्यविधिको समय सापेक्ष कार्यान्वयनका लागि नगर कार्यपालिकाले यो कार्यविधिलाई आवश्यकता अनुसार थपघट वा हेरफेर वा संशोधन गर्न सक्नेछ ।

८. **बाधा अड्काउ फुकाउ :** यो कार्यविधिको कार्यान्वयनको सम्बन्धमा कुनै बाधा अड्काउ परेमा यस कार्यविधिको मूल मर्मको प्रतिकूल नहुने गरी नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ ।

## अनुसूची – १
### दफा ४ को उपदफा (६) सँग सम्बन्धित

### करार सम्झौता

“सूर्योदय नगरपालिकाको १०० (एक सय) दिनको रोजगारी सम्बन्धी कार्यविधि (२०८०)” अनुसार देहाय बमोजिमको कामकाज गर्ने गराउने विषयमा सूर्योदय नगरपालिका ईलाम (जसलाई यसपछि प्रथम पक्ष भनिने छ) र............. जिल्ला ......................................गा.पा/ न.पा वडा नं. .......... स्थायी ठेगाना हुने श्री ............... जसलाई यसपछि दोस्रो पक्ष मानिने छ) को बीचमा मिति २०८../ .. / .. गतेको निर्णयानुसार भएको १०० दिनको रोजगारीमा कार्य गर्ने सम्बन्धमा सम्झौता गरी एक/एक प्रति लियौं/दियौं ।

१. **दोस्रो पक्षले यस विद्यालयलाई पुर्याउनु पर्ने मुख्य मुख्य कार्यहरुको विवरण:** (कार्य प्रकृति संस्था अनुसार कार्य फरक हुने हुनाले नगरपालिकाले सो कार्यप्रकृति बमोजिम अन्य कार्य सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले तोक्ने छ ।)

(क) “सूर्योदय नगरपालिकाको १०० (एक सय) दिनको रोजगारी सम्बन्धी कार्यविधि (२०८०)” तथा प्रचलित कानुनमा भएको व्यवस्था र आचार संहिता पालना गर्ने ।

(ख) ................

(ग) ...............

(घ) ..................

(ङ) .......................

(च) .......................

(छ) .....................

(ज) .................

२. माथि उल्लेखित सेवा वापत प्रथम पक्षले दोस्रो पक्षलाई निम्न सेवा सुविधा उपलब्ध गराउने छ र सेवा सम्बन्धी अन्य शर्तहरु देहाय बमोजिम हुनेछ ।

(क) “सूर्योदय नगरपालिकाको १०० (एक सय) दिनको रोजगारी सम्बन्धी कार्यविधि (२०८०)” मा तोकिए बमोजिमको पारिश्रमिक र अन्य सुविधा दोस्रो पक्षलाई उपलब्ध गराउने छ ।

(ख) “सूर्योदय नगरपालिकाको १०० (एक सय) दिनको रोजगारी सम्बन्धी कार्यविधि (२०८०)” बमोजिम बिदा दिइने तर बिदा संचित हुने छैन ।

(ग) सम्झौतामा उल्लेख भए भन्दा बढी रकम सुविधाको दावी दोस्रो पक्षले गर्न पाउने छैन ।

(घ) दोस्रो पक्षले १०० दिन पश्चात स्वत अवकास पाउने छ र अवकास पछिको कुनै सुविधा पाइने छैन । तर सम्बन्धित व्यक्तिको काम सन्तोषजनक भएमा र दोस्रो पक्षले माग गरेमा १०० दिनको रोजगारीको कार्यअनुभवको प्रमाणपत्र निशुल्क रुपमा नगरपालिकाबाट उपलब्ध गराइने छ ।

३. दोस्रो पक्षको काम सन्तोषजनक नभएमा नियमानुसार प्रक्रिया पुऱ्याएर मात्र सम्झौता भङ्ग गर्न सकिनेछ ।

४. यो सम्झौता हाजिर भएको मिति देखी १०० दिनसम्म कायम रहने छ ।

| प्रथम पक्षको तर्फबाट | रोहबर | दोस्रो पक्षको तर्फबाट |
|---|---|---|
| नाम थरः | नाम थरः | नाम थरः |
| ठेगानाः | ठेगानाः | ठेगानाः |
| पदः | पद : | पदः |
| दस्तखत .................... | दस्तखतः ........................ | दस्तखत ......................... |
| मितिः | मितिः | मितिः |